चन्द्रकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

शान्तिपुर, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

## पकेट विकास कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव आह्वानको सूचना। ।

(दोश्रो पटक प्रकाशित मिति :२०७८/१०/२७ गते)

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत चन्द्रकोट गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को सशर्त कार्यक्रम अन्तर्गत कफीको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम यस गाउँपालिकामा संचालन गर्नुपर्ने भएकोले गाउँकार्यपालिकाको मिति २०७८/०९/१८ गतेको निर्णयानुसार तपसिल बमोजिमका क्षेत्रहरुमा संचालन हुने ईच्छुक कृषि/समूह/ सहकारी /जल /वन उपभोक्ता समिति/ कृषिफर्महरुले आबश्यक कागजात सहित यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले ०७ (सात) दिनभित्र तल उल्लेखित अनुसार हुनेगरी आवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। ।

<u>तपशिल</u>

क) **कफीको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) कार्यक्रमका क्षेत्रहरुः** चन्द्रकोट गाउँपालिका वडा नं. १ सराङ्ग , खनियाचौर, रेम्दी, वडा नं. २ को भञ्ज्याङ्ग, पदमखानी, तथा वडा नं. ८ को किसिकोट तथा तल्लाफँट क्षेत्र।

ख) **संचालन हुने कार्यक्रमहरुः** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना म्यानुअलको दफा ४.१.९.२ तालिका २ अनुसारका कार्यक्रमहरु

**<u>आवश्यक कागजातहरु :-</u>**

१. प्रस्ताव पेश गर्ने सम्बन्धमा भएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना म्यानुअलको अनुसूची १० बमोजिमको ढाँचामा तयार गरिएको निवेदन।

२. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

३. समूह/ सहकारीको हकमा सम्बन्धित निकायमा दर्ता भएको हकमा फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

४. कार्यक्रम सञ्चालन हुने स्थान जग्गा/जमिन को विवरण वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको करार सम्झौतानामा।

५. सम्बन्धित वडाको सिफारिस पत्र।

६. समूह/सहकारीको हकमा प्रस्ताव पेश गर्ने सम्बन्धमा भएको कार्य समितिको निर्णयको प्रतिलिपि।

*पुनश्चः निवेदनको ढाँचा साथै आवश्यक अनुसूची यस कार्यालयको वेवसाईट www.chandrakotrmun.gov.np तथा सम्पूर्ण वडा कार्यालय एवम् गाउँपालिकाको पशुसेवा शाखाबाट प्राप्त गर्न सकिनेछ।*

(इन्द्र बहादुर क्षेत्री)

प्रमुख प्रशासकीय अधिकृत

